लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

कपिलवस्तु

फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com
www: kapilvastu.vethos.gov.np

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुनका लागी प्रस्ताव आव्हवान सम्बन्धी सूचना

सुचना नं : ०७/०८१/८२ प्रथम पटक प्रकाशित मिति २०८१/०८/१०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुको आ. व. ०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार दुध, फुल, माछा, मासु र अण्डामा प्रतिफलमा आधारित अनुदान कार्यक्रम "कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचलन कार्यविधि,२०८१" बमोजिम संचालन गर्न ईच्छुक समुह/सहकारी / निजि व्यवसायी/उद्यमी /कम्पनीहरुलाई लक्षित गरी आजको मितिले ३० दिन भित्र (मिति २०८१/०९/०९ गते कार्यालय समय भित्र) कार्यालयमा रु. १०/- को टिकट टाँस गरी खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम संचालनको लागि आवश्यक न्युनतम मापदण्ड, व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने अन्य कागजातहरु र कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ यस कार्यालयको वेवसाईट www.kapilvastu.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ ।थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०७६-५६००२१ वा सूचना अधिकारीको सम्पर्क नं. ९८५७०५६०४२ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल :

| क्र. सं. | वालीवस्तुको विवरण | आवेदकको किसिम | अनुदान दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| १ | दुध उत्पादन | समुह/ सहकारी /कम्पनी / निजि व्यवसायी | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादनको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने, प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले मासिक औषत कम्तीमा ७००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | • आवेदकको संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख<br>• स्थायी लेखा नं., करचुक्ता कागजात, | प्रति लिटर अधिकतम रु. २/-<br><br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |



८/१०
कार्यालय प्रमुख

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
कपिलवस्तु

फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com
www: kapilvastu.vethos.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं. । | |
| २ | माछा/मासु/ अण्डा (बाखा/भेंडा / बगुंर/रागां/ माछा) उत्पादन | समुह/ सहकारी /कम्पनी/ निजि व्यवसायी | • गत आ.व. ०८०/८१ मा उत्पादन तथा विक्री गरेको खसि/बोका/ भेडा/ बगुंर/ राँगा/ अण्डा तथा माछा मासुको कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक संकलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको अभिलेख हुनुपर्ने।<br>• मासु / माछा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• खसी/बोका/भेंडाको हकमा समुह/ सहकारीबाट १०० वा बंगुरको हकमा प्रति समुह/सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति समुह/सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने ।<br>• निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष वा माछा २ मे.ट. प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने र सहकारीको हकमा १० मे.ट माछाको वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • आवेदकको संस्थागत अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन। | प्रति कि.ग्रा. अधिकतम जिउँदो खसी/बोका/भेडा को हकमा रु. २५ का दरले, जिउँदो रांगाको हकमा रु. १५ का दरले, जिउँदो बगुंरको हकमा रु. १५ का दरले, माछाको हकमा रु. १५ का दरले, अण्डाको हकमा रु २५० प्रति १००० गोटाका दरले। (सम्बन्धित कृषकको खातामा जम्मा गरी सक्कल भौचर कार्यालयमा पेश गर्नु पर्ने) |
| ३ | मत्स्य ह्याचरी वा नर्सरी | मत्स्य ह्याचरी वा नर्सरी | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रूपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा | • व्यावसायिक योजना,<br>• सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत | • ह्याचलिङ्ग रु ३०० प्रति लाख |

लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

कपिलवस्तु

फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com
www: kapilvastu.vethos.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• स्वस्थ ,परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य विजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजिवी विहीन हुनुपर्ने । | निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस,<br>• बिक्री वितरणको अभिलेख, कारोवारको तथा आम्दानी खर्च देखिने कागजातहरू<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन ।<br>• आवेदकको बैक खाता नं. | • फ्राइ रु २००० प्रति लाख<br>• फिङ्गरलिङ्ग रु ५००० प्रति लाख<br>• एडभान्स फिङ्गरलिङ्ग रु १०००० प्रति लाख<br>• इएरलिङ्ग रु १ प्रति गोटा |

८।१०
कार्यालय प्रमुख

**संलग्न गर्नु पर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन (अनुसूची ३४)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर प्रमाण- पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण- पत्रको प्रतिलिपि
४. कार्यक्रम संचालनका लागि कार्ययोजना सहितको प्रस्ताव ( अनुसुची ३६)
५. कार्यक्रम संचालनको लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
६. कार्यक्रममा सहभागी हुने संस्थाको निर्णयको प्रतिलिपि (संस्था वा समुह वा कम्पनिको हकमा)
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी
८. उत्पादनको मासिक रेकर्ड ।
९. वार्षिक साधारण सभा भएको गत आ. व. को प्रतिवेदन।

पुनःश्च : सुचनामा छुट हुन गएका बुदाहरु कृषि तथा पशुपंछी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ मा भएको व्यवस्था वमोजिम हुनेछ ।साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा भोलि पल्ट कार्यालय समयमा प्रस्ताव विज्ञ केन्द्रमा वुझाउन सकिनेछ ।